# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ९ भद्रपुर, जेठ ०५ गते, २०८२ साल, संख्या ०२

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिका बाट जारी भएको देहाय बमोजिमको कार्यविधि, सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**भद्रपुर नगरपालिकाको एम्बुलेन्स संचालन सम्बन्धि कार्यबिधी २०८२**

*स्वीकृत मिति २०८२/०१/२८*

*प्रमाणीकरण मिति २०८२/०२/०५*

## प्रस्तावना :

प्रसूति सम्बन्धि जटिलता भएका आमा र बच्चाहरुलाई समयमै सम्बन्धित प्रेषण केन्द्रहरुसम्म पुऱ्याउन र विभिन्न प्रकारका सर्ने तथा नसर्ने रोगहरुको कारण नगरपालिकाका जनताहरुलाई भएको र हुनसक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उद्देश्यले कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट प्राप्त एम्बुलेन्सको नगर पालिका मार्फत संचालनमा ल्याउने सन्दर्भमा यसको व्यबस्थित संचालन, व्यबस्थापन र दिगोपनका लागी अलग्गै कानुनी ब्यबस्था गर्न वान्छनिय भएकोले,

स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी भद्रपुर नगर कार्यपालिकाले देहायको कार्यबिधी बनाइ लागु गरेकोछ।

## परिच्छेद एक
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यबिधिको नाम "भद्रपुर नगरपालिकाको एम्बुलेन्स संचालन कार्यबिधी २०८२" रहेको छ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा,

(क) "एम्बुलेन्स" भन्नाले भद्रपुर नगरपालिकाकाद्धारा नगरपालिका अन्तर्गत संचालन गरीने एम्बुलेन्सलाई जनाउँछ।

(ख) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ लाई जनाउँछ।

ग) "नगर पालिका" भन्नाले भद्रपुर नगरपालिकालाई जनाउँछ।

(घ) "नगरसभा" भन्नाले भद्रपुर नगरपालिकाको नगरसभा लाई जनाउँछ।

(ङ) "कार्यपालिका" भन्नाले भद्रपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले एम्बुलेन्स संचालन र व्यबस्थापनका लागि गठन भएको सन्चालक समितिलाई जनाउँछ।

(छ) "कर्मचारी" भन्नाले भद्रपुर नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारीलाई जनाउँछ। यस शब्दले एम्बुलेन्स संचालनमा संलग्न अपरेटर समेतलाई जनाउँछ।

(झ) "तोकिएका वा तोकिए" भन्नाले बमोजिम नगरपालिकाको बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद दुई
## एम्बुलेन्स संचालन सम्बन्धि व्यबस्था

**३.उद्देश्य :**

यस कार्यबिधिको मुख्य उद्देश्य भद्रपुर नगरपालिका क्षेत्रभित्र र नजिकका स्थानिय तहको समेत प्रसूति सम्बन्धि र अन्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि सेवा उपलब्ध हुने अस्पताल वा स्वास्थ्य संस्थासम्म पुऱ्याउने तथा यसको बिश्वसनियता साथै प्रभावकारिता बृद्धि गरी दिगो र भरपर्दो सेवा संचालन गर्नु रहेको छ।

४.**छनौट र प्राथमिकता** : (१) एम्बुलेन्सको उपयोगको लागी नगरपालिका क्षेत्र भित्रका बासिन्दाहरुलाई सेवा प्रदान गर्दाको सेवा शुल्क र अन्य स्थानिय तहका सेवाग्राहिहरुलाई लिने सेवा शुल्क अनुसुचीमा उल्लेख भए बमोजिम हुनेछ। उक्त अनुसूचीमा उल्लेख गरिएको सेवा शुल्कमा नगर कार्यपालिकाले आवश्यक थपघट गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सेवा शुल्क लिंदा सेवा उपयोग गर्ने बिरामी व्यक्तिको स्थायी ठेगाना तथा सम्बन्धित स्थानदेखिको दुरीलाई आधार मानिनेछ।

**५.संचालक समिति** :(१) एम्बुलेन्स सेवाको ब्यवस्थित उपयोग,संचालन,खटनपटन,र ब्यवस्थापनका लागी देहाय बमोजिम हुने गरी एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहनेछ

क) नगर उपप्रमुख :........................................................संयोजक

ख) सामाजिक विकास समितिको संयोजकः ...................................सदस्य

ग) कार्यपालिका सदस्य मध्येबाट कार्यपालिकाले तोकेको एक जनाः........ सदस्य



गणेश पोखरेल
नगर प्रमुख

घ) आधारभुत स्वास्थ्य केन्द्रका प्रमुख : ............................................सदस्य
ङ) स्वास्थ्य शाखा प्रमुख : ............................................................सदस्य सचिव

(२) दफा ५ बमोजिम तोकिएका संचालक समितिका सदस्यहरुको पदावधी सामान्यतया ३ बर्षको हुनेछ । नगरपालिकाको बैठकले महशुस गरेमा ती सदस्यहरुको कार्यकाल बढीमा २ वर्षका लागि थप गर्न सक्नेछ .

(३) संचालक समितिको बैठक दुई महिनामा एक पटक बस्नेछ । सो बाहेक आवश्यक्ता अनुसार अन्य समयमा पनि बैठक बस्न बाधा पर्ने छैन । तर समितिको बैठक बसे बापतको भत्ता महिनाको एक पटकका लागि प्रचलित कानून अनुसार उपलब्ध हुनेछ . ।

६.**काम कर्तब्य र अधिकार** :(१) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) नगर कार्यपालिकाले कार्यान्वियनमा ल्याएको एम्बुलेन्सको दैनिक खटनपटन गर्ने,

(ख) एम्बुलेन्स संचालन भएको पटक एकिन गरी सोको अभिलेख अध्यावधिक गरी राख्ने,

(ग) निर्णय नभएको कार्यमा एम्बुलेन्सको गलत प्रयोग भएको पाइएमा तत्काल एम्बुलेन्स फिर्ता गर्न लगाउने, ।

(घ) यस पालिका क्षेत्रमा कुनै संघ संस्था व्यक्तिले एम्बुलेन्स संचालन गर्ने भएमा एक बर्ष अवधिको लागि अनुमती प्रदान गर्ने ।

(ङ) निजि क्षेत्र वा संघ संस्था र व्यक्तिले एम्बुलेन्स संचालन गरेमा सोको नियमन गर्ने ,

च) कुनै ब्यक्ति वा संस्थाले नगरपालिकाबाट एम्बुलेन्स भाडामा लिई संचालन गरेको अवस्थामा भाडा बापतको रकम असुल गरी नगरपालिकाको खातामा जम्मा गराउने,

छ) एम्बुलेन्स मर्मत संभार गर्नु पर्ने भनी सवारी चालकले दिएको निबेदन उपर आवश्यक छानबिन गरी स्विकृतिका लागी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

ज) एम्बुलेन्स संचालनमा खटिएका कर्मचारिहरुको कार्यसम्पादन क्षमता, एम्बुलेन्सको समुचित रेखदेख र व्यवस्थापनमा निजहरुले खेलेको भुमिकाबारे नगरपालिकाको कार्यालयलाई सुझावहरु दिने,

झ) एम्बुलेन्सको प्रभावकारी ब्यवस्थापन र संचालनका लागी आवश्यक देखेका अन्य विषयहरुमा नगरपालिकाको कार्यालयलाई आवश्यक सुझावहरु दिने र प्राप्त निर्देशन अनुरुप कार्य गर्ने । एम्बुलेन्स संचालन र व्यवस्थापन सम्बन्धमा कुनै विवाद भएमा / आएमा विवाद समाधान गर्ने ।

ञ) एम्बुलेन्स संचालन गर्न कुनै उपयुक्त विकल्प देखिएमा कार्यान्वियनको लागी कार्यपालिकामा सिफारिस गर्ने ।

ट) नगरपालिका क्षेत्र भित्र अनाधिकृत तवरले या गैर कानूनी तवरबाट एम्बुलेन्स संचालन गरेको पाईएमा प्रशासन, सुरक्षा निकायलाई खबर गर्ने र सम्बन्धित निकायको सहयोग लिई त्यस्ता कार्य बन्द गर्ने ।

ठ ) एम्बुलेन्स संचालन गर्न ईच्छुक संघ संस्था व्यक्तिलाई एम्बुलेन्स संचालन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

ड) एम्बुलेन्स संचालनका आधार र क्षेत्र तयार गरी एम्बुलेन्स परिचालन हुने व्यवस्था मिलाउने ,

ढ एम्बुलेन्स संचालन र व्यवस्थापन सम्बन्धमा कुनै विवाद भएमा आएमा विवादको समाधान गर्ने,

(२) एम्बुलेन्स संचालक समितिका अन्य काम,कर्तब्य र अधिकारहरु नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

(३) कुनै कारणले संचालक समितिको पद रिक्त रहेको अबधिका लागी एम्बुलेन्सको संचालन प्रमुख प्रशासकिय अधिकृतले तोकिदिए बमोजिम हुनेछ ।



गणेश पोखरेल
नगर प्रमुख

परिच्छेद तिन :

कर्मचारी सम्बन्धि व्यवस्था

**७. कर्मचारीको नियुक्ति** : (१) एम्बुलेन्स संचालनको लागी आवश्यक (हल्का सवारी चालक प्रथम वा सो सरह ) को कर्मचारी करार सेवामा नगरपालिकाद्वारा भर्ना गरिनेछ ।

२) कर्मचारी भर्नाका लागी आवश्यक शैक्षिक योग्यता,अनुभव तथा अन्य आधार तयार गर्ने तथा कर्मचारी नियुक्ति सम्बन्धि कार्य नगरपालिकाको कार्यालयले प्रचलित कानुनको रित पुर्‍याई गर्नेछ ।

**८.पारिश्रमिक तथा सेवाका शर्तहरु** : (१) एम्बुलेन्स चालकको मासिक सुविधा नेपाल सरकारको हल्का सवारी चालक प्रथम स्तरको कर्मचारिले पाए सो सरह हुनेछ ।

(२) एम्बुलेन्स चालकले दफा ८(१) बमोजिम पाउने तलब बाहेक एम्बुलेन्स संचालन भएको अवधि वा थप एकमुष्ट शुल्क अनुसुची १ मा उल्लेख भए बमोजिम प्रति ट्रिप १० % का दरले थप पाउनेछ ।

(३) एम्बुलेन्स चालकको तलब भत्ता तथा अन्य सुबिधा एम्बुलेन्स संचालन कोषबाट व्यहोरिनेछ ।

**९.आचरण** : (१) एम्बुलेन्स चालकले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ :

(क) एम्बुलेन्सको उचित तरिकाले संचालन,रेखदेख र संरक्षण गर्ने,

(ख) एम्बुलेन्स संचालन भएको अवधि र खपत भएको ईन्धनको दैनिक रुपमा अभिलेख राख्ने,

(ग) एम्बुलेन्स संचालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्बुलेन्स उपयोग गर्दा समिति वा प्रमुख प्रशासकीय अधिकृतको पुर्व अनुमति लिने,

(घ) एम्बुलेन्सको नियमित सरसफाई,लुब्रिकेन्टस चेकजाँच तथा नियमित मर्मत संभारका लागी अनुसूची ४ बमोजिमको अभिलेख राखी मर्मत समेतमा समुचित ध्यान दिने,

(ङ) एम्बुलेन्स संचालनको कममा हुनसक्ने संभावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्बुलेन्सको सुरक्षा गर्ने,

(च) एम्बुलेन्सको दुर्घटना बिमा गराउने बिषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको बिषयमा नगरपालिकाको आर्थिक प्रशासन शाखामा समयमै जानकारी गराउने,

(छ) एम्बुलेन्स संचालनमा लैजानु पुर्व एम्बुलेन्स संचालन शुल्क बुझाउने गरी निकासा भएको अवस्थामा शुल्क बापतको रकम नगरपालिकामा दाखिला भए नभएको एकिन गर्ने,

(ज) एम्बुलेन्स संचालनमा लैजानु पुर्व एम्बुलेन्सको अवस्था चेकजाँच गरी सुरक्षा अवस्था एकिन गर्ने र असुरक्षित अवस्थामा एम्बुलेन्स संचालन नगर्ने,

(झ) एम्बुलेन्स संचालन सम्बन्धमा संचालक समिति र प्रमुख प्रशासकिय अधिकृतले दिएको निर्देशनहरुको पालना गर्ने ।

(ञ एम्बुलेन्स प्रयोग गर्ने व्यक्तिको अभिलेख अनुसुचि १ बमोजिमको ढाँचामा राखी समिति समक्ष पेश गर्ने ।

**१०.अवकाश दिन सकिने** : (१) आफुले लिएको जिम्मेवारी राम्ररी पुरा नगरेको अवस्थामा एम्बुलेन्स चालकलाई जुनसुकै बेला प्रमुख प्रशासकिय अधिकृतले पदबाट हटाउन सक्नेछ ।

परिच्छेद चार :

मर्मत संभार सम्बन्धि व्यवस्था

**११. <u>सेवा शुल्क तथा इन्धनको व्यवस्था</u>** : (१) नगरपालिका क्षेत्रभित्रका बासिन्दाहरुले र नजिकका स्थानिय तहका नागरिकहरुले एम्बुलेन्स भाडामा प्रयोग गर्दा लाग्ने सेवा शुल्क वा निशुल्क अनुसुची ३ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(२) नगर कार्यपालिकाले गरेको निर्णय बमोजिम नगर पालिका क्षेत्रभित्रका प्रसूति सम्बन्धि जटिलता भई प्रेषण गरेको गर्भवति, सुत्केरी र जेष्ठ नागरिकका लागी एम्बुलेन्स प्रयोग हुंदा लाग्ने खर्च वा छुट अनुसुचीमा उल्लेख भए बमोजिम हुनेछ ।



गणेश पोखरेल
नगर प्रमुख

(३) एम्बुलेन्स संचालनको सेवा शुल्कबाट नगरपालिकाले एम्बुलेन्सको मर्मत संभार, इन्धन, लुब्रिकेन्टस, सवारी चालकको तलव भत्ता आदिको व्यवस्था गर्ने छ । मर्मत सम्भारका लागि एम्बुलेन्स चालकले अनुसूची २ बमोजिमको विवरण भरी नियमानुसार मर्मत गराउनु पर्नेछ ।

## परिच्छेद पाँच :
## बिविध

**१२. भाडामा दिन सकिने** : (१) नगरपालिकाले एम्बुलेन्स संचालन गर्न नसक्ने अवस्था भई कुनै व्यक्ति, संस्था वा नगरपालिकाको कुनै वडा कार्यालय मार्फत एम्बुलेन्स संचालन गर्न उपयुक्त देखिएमा एम्बुलेन्स संचालक समितिले सिफारिस गरेको अवस्थामा नगर कार्यपालिकाको बैठकले निर्णय गरी एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

२) दफा १२(१) बमोजिम एम्बुलेन्स भाडामा दिंदा प्रती दिन, प्रती महिना वा प्रति वर्षको भाडा दर वा अन्य शर्तहरु नगर कार्यपालिकाको बैठंकले आवश्यक देखेमा संचालक समितिको सिफारिस नभए पनि एम्बुलेन्स भाडामा दिन सक्नेछ ।

**१३. कार्यबिधिमा संशोधन** : यस कार्यबिधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा नगर कार्यपालिकाको बैठकले निर्णय गरी थपघट वा संशोधन गर्न सक्नेछ ।

**१४. अन्य आवश्यक कुराहरु** : एम्बुलेन्स प्रयोग शुल्क संचालक समितिले तयार गरी नगर कार्यपालिकाको बैठकबाट स्विकृत भएपछी लागु गरिनेछ । यस्तो शुल्क निर्धारण नभएसम्मको लागी चलन चल्तिको भाडा दरलाई नै प्रयोगमा ल्याईनेछ ।

**१५. प्रचलित कानुन बमोजिम हुने** : यस कार्यबिधिमा लेखिएका कुराहरुको हकमा यसै बमोनिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानुन् बमोजिम हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची -१

## एम्बुलेन्स संचालन अभिलेख

भद्रपुर नगरपालिका

| मिति | संचालन भएको समय | | सेवाग्राहिको नाम | भाडा | कैफियत |
|---|---|---|---|---|---|
| | ..........बजे देखी | ..........बजे सम्म | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कर्ड राखे:
सवारी चालक

रुजु गर्ने:
प्रशासन शाखा

प्रमाणित गर्ने:
स्वास्थ्य शाखा प्रमुख

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसुची २ :
एम्बुलेन्स मर्मत संभार सम्बन्धि अभिलेख
भद्रपुर नगर पालिका
भद्रपुर,झापा ।

| मिति | मर्मत खर्चकी विवरण | | | जम्मा खर्च | मर्मत कम्पनी | विल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | सामान | ज्याला | लुब्लीकेन्ट | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

रेकर्ड राख्ने: प्रमाणित गर्ने: स्विकृत गर्ने:

जिन्सी प्रमुख स्वास्थ्य शाखा प्रमुख प्रमुख प्रशासकिय अधिकृत

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसुची ३

एम्बुलेन्स सम्बन्धि भाडा दररेट:

| सि.नं. | देखि | भद्रपुर | धरान | विराटनगर | दमक | विर्तामोड | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भद्रपुर नगरपालिका | १०००।- | ४०००।- | ४०००।- | १५००।- | १०००।- | |
| २ | ७० बर्ष माथि ८० बर्ष सम्मका जेष्ठ नागरिक | माथि उल्लेखित भाडा दरमा ५०% छुट | | | | | |
| ३ | ८० बर्ष भन्दा माथिका विरामी | निशुल्क | | | | | |
| ४ | नगरपालिकाभित्र स्थायी बसोबास गर्ने गर्भवति महिलाका लागि नगर क्षेत्रभित्र | निशुल्क | | | | | |

नोट:

१. ७० बर्ष देखि ८० बर्ष सम्मका नागरिकले ५०% भाडा छुट लिनका लागि नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. ८० बर्ष देखि माथि जुनसुकै विरामीले निशुल्क सुविधा लिन नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि पेश गर्नु पर्नेछ।

३.गर्भवती प्रेषणभई एम्बुलेन्स सुविधा लिन सम्बन्धित स्वास्थ्य चौकीको रेफर पत्रको प्रतिलिपि वा स्वास्थ्य चौकीमा जाँच गराएको पुर्जा प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४.अन्य पालिकाका नागरिकले यस नगरपालिकाको एम्बुलेन्स प्रयोग गर्दा थप २०% शुल्क लाग्नेछ ।

५. उल्लेखित स्थान बाहेक अन्यत्र स्थानमा एम्बुलेन्स जानु परेमा कार्यपालिकाले निर्णय गरे बमोजिम शुल्क लाग्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसुची: ४

ईन्धन तथा लुब्रिकेन्ट्स सम्बन्धि अभिलेख

| सि नं. | मिति | ईन्धन लि. | अन्य | देखि | सम्म | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रेकर्ड राखे:
जिन्सी प्रमुख

प्रमाणित गर्ने:
स्वास्थ्य शाखा प्रमुख

स्विकृत गर्ने:
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

गणेश पोखरेल
नगर प्रमुख
नगरपालिका